## आर्थिक वर्ष २०७६/७७ का लागि

# नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानका आधारहरूसम्बन्धी सिफारिस

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार
काठमाडौं

बैशाख, २०७६

## १. पृष्ठभूमिः

नेपालको संविधानले संघबाट प्रदेश र स्थानीय तहमा वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान गरी चार प्रकारका अनुदानहरू उपलब्ध हुने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा २५१ को उपधारा १ को खण्ड (ग) ले राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्थाअनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने जिम्मेवारी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्रदान गरेको छ। त्यसैगरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा ३ ले प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दा आधारहरू तोक्ने जिम्मेवारी समेत यसै आयोगलाई दिएको छ।

## २. सशर्त अनुदानका आधारहरू सिफारिसका वृहत् सैद्धान्तिक मान्यता

लामो समयको राजनीतिक संक्रमण अन्त्य भएपछि नेपाल अब आर्थिक विकासको युगमा प्रवेश गरेको छ। नेपाल सरकारले "समृद्ध नेपाल, सुखी नेपाली" को नारा अघि सारेको र सन् २०२२ मा विकासशील मुलुकमा र सन् २०३० सम्ममा दीगो विकासका लक्ष्यहरू हासिल गरी मध्यस्तरीय आय भएको मुलुकमा स्तरोन्नति हुने लक्ष्य लिएकाले स-साना आयोजना र कार्यक्रममा स्रोत छर्नुभन्दा ठूला रणनीतिक योजना कार्यान्वयनमा प्राथमिकता दिनुपर्ने आवश्यकता छ। यसर्थ संघ तथा प्रदेशले सशर्त अनुदान उपलब्ध गराउँदा दीगो, फराकिलो तथा समतामूलक आर्थिक वृद्धिलाई प्रत्यक्ष टेवा दिने प्रकृतिका ठूला तथा मझौला योजनाको कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ।

विद्यमान सबै राष्ट्रिय नीतिहरू कार्यान्वयनका लागि नेपाल सरकारका विषयगत मन्त्रालयहरूले कार्यक्रम तर्जुमा नगरिसकेका र एकाध बाहेक धेरै विषयहरूमा राष्ट्रिय मानक नभएकाले तत्कालै यिनका आधारमा सशर्त अनुदान उपलब्ध गराउने आधार तयार पार्न कठिन देखिएको छ। तथापि, उपलब्ध नीति तथा कार्यक्रमहरूलाई आधार मानी प्रदेश र स्थानीय तहको पूर्वाधारको अवस्था विश्लेषण गरी आर्थिक वर्ष २०७६/७७ का लागि नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने सशर्त अनुदानको आधार तयार गरिएको छ। यस प्रयोजनका लागि मुख्यतया देहायका विषयहरूलाई मार्गदर्शनका रूपमा लिई सशर्त अनुदानको आधारहरू सिफारिस गरिएको छः-

१. देशव्यापी रूपमा राष्ट्रिय नीतिहरू कार्यान्वयन गर्ने,

२. राष्ट्रिय मानक स्थापित गर्ने वा सोको सुनिश्चितता गर्ने,

३. प्रदेश तथा स्थानीय तहमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने, र

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्ने।

## ३. सशर्त अनुदानका आधारसम्बन्धी सिफारिस

माथि उल्लिखित बिषयहरूलाई मार्गदर्शनका रूपमा लिई आर्थिक वर्ष २०७६/७७ का लागि नेपाल सरकारले प्रदेश र स्थानीय तहमा सशर्त अनुदान उपलब्ध गराउने आधारहरू देहायबमोजिम सिफारिस गरिएको छः-

(१) राष्ट्रियस्तरका विषयगत नीति ( National Level Sectoral Policy) अन्तर्गत प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन गरिने क्षेत्रगत कार्यक्रम र आयोजनाहरू स्रोत र कार्यान्वयनको खाकासहित पठाउने,

(२) नेपालको संविधानको अनुसूची ७ र ९ मा उल्लिखित कार्यहरूमध्ये प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुनुपर्ने कार्यक्रम, आयोजना वा क्रियाकलापहरू स्रोत तथा कार्यान्वयनको खाकासहित प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने,

(३) नेपालको संविधानको अनूसूची ६ र ८ बमोजिम प्रदेश र स्थानीय सरकारको एकल अधिकार क्षेत्र भित्र परेका क्रियाकलाप, आयोजना र कार्यक्रमहरू हस्तान्तरण हुन बाँकी भए स्रोतसहित प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने, यस्ता क्रियाकलाप, आयोजना र कार्यक्रमहरू निर्धारित समयभित्र सम्पन्न गर्ने गरी बजेट सुनिश्चित गर्ने,

(४) नेपालको संविधानको अनुसूची ५ अनुसार संघको कार्यक्षेत्र भित्र रहेका तर प्रदेश र स्थानीय सरकारबाट कार्यान्वयन गराउनुपर्ने किसिमका राष्ट्रियस्तरका कार्यक्रम प्रदेश वा स्थानीय तहमा स्रोतसहित पठाउने,

(५) संघीय सरकारबाट विगतमा प्रवाह भइरहेका र भविष्यमा समेत निरन्तरता दिनुपर्ने राष्ट्रियस्तरका कार्यक्रमहरू कार्यान्वयनका लागि स्रोतसहित हस्तान्तरण गर्ने,

(६) प्रदेश वा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेका, विगतमा निर्माण कार्य प्रारम्भ भइसकेका वा कार्यान्वयनको चरणमा रहेका विकास आयोजनाहरू, बहुवर्षीय ठेक्का स्वीकृत भई नेपाल

सरकारको दायित्व सिर्जना भइसकेका कार्यक्रमहरू र वैदेशिक सहायतामा सञ्चालित कार्यक्रम वा आयोजनाहरू सम्पन्न हुने सुनिश्चित गर्नेगरी स्रोतसहित हस्तान्तरण गर्ने,

(७) नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न तीनै तहका सरकारले समन्वयात्मक ढङ्गले कार्यान्वयन गर्नुपर्ने कार्यक्रम/आयोजना वा क्रियाकलापहरू स्रोत र कार्यान्वयनको खाकासहित हस्तान्तरण गर्ने,

(८) प्रदेश वा स्थानीय तहको एकल अधिकारको सूचीमा रहेका तर एउटै कार्यक्रम वा आयोजनाको रूपमा विकास भई एकभन्दा बढी प्रदेश वा एकभन्दा बढी स्थानीय तहमा सञ्चालन हुने भएमा त्यस्ता कार्यक्रम वा आयोजना वा तिनका सम्बन्धित सम्भाग प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुने गरी हस्तान्तरण गर्ने।

## ४. नेपाल सरकारको जिम्मेवारी

प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रम/आयोजनाका लागि सशर्त अनुदान उपलब्ध गराउँदा नेपाल सरकारले वहन गर्नुपर्ने जिम्मेवारी देहायबमोजिम सिफारिस गरिएको छः-

(१) कार्यक्रम वा आयोजना वा क्रियाकलाप हस्तान्तरण गरिसकेपछि निर्धारित अवधिभित्रै सम्पन्न हुने सुनिश्चित गरी स्रोत व्यवस्थापन गर्ने,

(२) हस्तान्तरित कार्यक्रमको प्रभावकारी कार्यान्वयनको निमित्त प्रदेश तथा स्थानीय तहमा आवश्यक पर्ने प्राविधिक र व्यवस्थापकीय सहयोग उपलब्ध गराउने,

(३) सशर्त अनुदानबाट हस्तान्तरण भई जाने कार्यक्रम वा आयोजनाको अनुगमन गर्ने, मूल्यांकन गर्ने र एकीकृत रूपमा भौतिक तथा वित्तीय प्रतिवेदन तयार हुने गरी प्रतिवेदन ढाँचा तयार गर्ने,

(४) वैदेशिक सहायतामा सञ्चालित कार्यक्रम वा आयोजनाको एकीकृत आयोजना प्रतिवेदन तयार गर्ने, सम्बन्धित विकास साझेदारसँग समन्वय गर्ने, प्रतिवेदन पठाउने, वित्तीय प्रतिवेदन तयार गरी शोधभर्ना लिने,

(५) समान उद्देश्य प्राप्तिका लागि विभिन्न विषयगत मन्त्रालयहरूबाट हस्तान्तरण भई सञ्चालन हुने उस्तै विषयका वा समान प्रकृतिका कार्यक्रमहरूलाई एकीकृत गरी एउटै शीर्षक अन्तर्गत हस्तान्तरण गर्ने,

(६) बजेटमा तोकिए अनुरूप हुने गरी सबै कार्यक्रम र आयोजना एकैपटक हस्तान्तरण गर्ने। आर्थिक वर्षको बीचमा कुनै पनि कार्यक्रम वा आयोजना वा क्रियाकलाप स्रोतसहित वा स्रोतबिना हस्तान्तरण नगर्ने,

(७) सशर्त अनुदानबाट सञ्चालन गरिने कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धि गर्न संघ र प्रदेश सरकारका मन्त्रालयहरू एवं स्थानीय सरकारहरूबीच समन्वय कायम गरी कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने,

(८) नेपालको संविधानका अनुसूचीहरू तथा प्रचलित कानून बमोजिम पूर्ण निक्षेपित भएका कार्य क्षेत्रहरूमा सशर्त अनुदान उपलब्ध गराउने प्रवृत्तिलाई निरुत्साहित गर्दै जाने र

(९) राष्ट्रिय नीति तथा कार्यक्रम र मानकहरूको कार्यान्वयनबाट प्रदेश तथा स्थानीय तहमा सिर्जना हुने थप व्ययभारलाई नेपाल सरकारले व्यहोर्ने गरी सशर्त अनुदान उपलब्ध गराउने।

## ५. प्रदेश वा स्थानीय तहको जिम्मेवारी

नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको प्रयोग गर्दा प्रदेश र स्थानीय तहले वहन गर्नुपर्ने जिम्मेवारी देहायअनुसार सिफारिस गरिएको छः-

(१) नेपाल सरकारबाट हस्तान्तरण भईआएका सशर्त अनुदान अन्तर्गतका कार्यक्रम वा आयोजना वा क्रियाकलाप कार्यान्वयन गर्ने,

(२) संघीय निकायहरूसँग समन्वय कायम गर्ने,

(३) कार्यक्रम वा आयोजना वा क्रियाकलाप कार्यान्वयनको आवधिक प्रतिवेदन निर्धारित समयभित्रै संघीय विषयगत मन्त्रालय/निकायमा पठाउने,

(४) कार्यान्वयनको सुपरीवेक्षण तथा अनुगमनको व्यवस्था मिलाउने,

(५) कार्यक्रमको गहनता सोको बजेटको आधारमा नभई विषयवस्तुको गाम्भीर्यका आधारमा मापन गर्ने (उदाहरणका लागि दीगो विकासका लक्ष्यहरू हासिल गर्ने कार्यक्रमहरूका लागि बजेटको अङ्क कम देखिएतापनि विषयवस्तुको गाम्भीर्य बढी हुने) र

(६) विकास कार्यक्रमहरूमा सहभागितामूलक पद्धति अपनाउने।

*******